# भाग ५

## नेपाल सरकार

## गृह मन्त्रालयको

## सूचना

नेपाल सरकारले जाँचबुझ आयोग ऐन, २०२६ को दफा ३ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी सुनको अवैध पैठारी (तस्करी) नियन्त्रणका सम्बन्धमा जाँचबुझ गर्न देहाय बमोजिमको जाँचबुझ आयोग गठन गरेकोले सोही दफाको उपदफा (३) बमोजिम यो सूचना प्रकाशन गरिएको छः-

**(क) जाँचबुझ आयोगको संरचनाः**

(१) उच्च अदालतका पूर्व न्यायाधीश श्री डिल्लीराज आचार्य -अध्यक्ष

(२) पूर्व प्रहरी अतिरिक्त महानिरीक्षक श्री सहकुलबहादुर थापा -सदस्य

(३) पूर्व सहसचिव श्री किशोरजंग कार्की -सदस्य

(४) पूर्व सहसचिव श्री प्रेमराज जोशी -सदस्य

**(ख) जाँचबुझ आयोगको कार्यदिशाः**

विदेशबाट इलेक्ट्रिक सिगरेट (Vapes) मा सुन राखी अवैध पैठारी (तस्करी) गरिएको, संवत् २०८० साल साउन २ गते ब्रेक सुमा सुन राखी अवैध पैठारी (तस्करी) गरिएको लगायत पटक-पटक सुन तस्करी भई मुलुकभित्र आइरहेको विषयलाई गम्भीरतापूर्वक लिई स्वतन्त्र र निष्पक्ष छानबिन गर्न र यस्तो तस्करीजन्य कार्यको पूर्णरूपमा नियन्त्रण गर्न मौजुदा कानूनमा गर्नुपर्ने परिमार्जन, संरचनागत सुधार र पटक-पटकको सुन तस्करी सम्बन्धमा नेपाल सरकारका विभिन्न निकायबाट भएका छानबिन अनुसन्धान समेतको अध्ययन गरी तस्करीको प्रकृति,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

सुनको परिमाण, अपराधको दायरा र सो कार्यमा संलग्न व्यक्तिका सम्बन्धमा थप अनुसन्धान गर्नु पर्ने देखिएमा थप छानबिन अनुसन्धान गरी कानून बमोजिम कारबाहीका लागि सिफारिस गर्ने।

**(ग) जाँचबुझ आयोगको समयावधि र जनशक्तिः**

(१) आयोगले मिति २०८०।६।१५ देखि कार्य प्रारम्भ गरी कार्य प्रारम्भ गरेको मितिले तीन महिनाभित्र रायसहितको प्रतिवेदन गृह मन्त्रालय समक्ष पेश गर्ने,

(२) आयोगको कार्यालयमा आवश्यक पर्ने ५ जना कर्मचारी (उपसचिव-१, शा.अ.-१, ना.सु. १, कम्प्युटर अपरेटर-१ र का.स.-१) गृह मन्त्रालयले व्यवस्थापन गर्ने।

**(घ) जाँचबुझ आयोगका अध्यक्ष तथा सदस्यको सेवा सुविधा र अन्य व्यवस्थाः**

(१) आयोगका अध्यक्षलाई नेपाल सरकारको राज्य मन्त्री सरहको र आयोगका सदस्यहरूलाई राजपत्राङ्कित विशिष्ट श्रेणी सरहको पारिश्रमिक एवं सो पारिश्रमिकको पचास प्रतिशत भत्ता र सवारी चालक, इन्धन र सवारी साधन बापत मासिक सत्तरी हजार रुपैयाँ उपलब्ध गराउने,

(२) आयोगको सचिवालयमा काम गर्ने कर्मचारीलाई बहाल रहेको पदको सुरु स्केलको पच्चीस प्रतिशत भत्ता उपलब्ध गराउने,

(३) आयोगलाई आवश्यक पर्ने मसलन्द, फर्निचर लगायतका सामान गृह मन्त्रालयले व्यवस्थापन गर्ने,

(४) आयोग र आयोगको सचिवालयलाई आवश्यक पर्ने बजेट अर्थ मन्त्रालयले गृह मन्त्रालयलाई उपलब्ध गराउने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner

(ङ) **आयोगको सचिवालयः-** आयोगको सचिवालय काठमाडौंमा रहने।

(च) **आयोगको सम्पर्क मन्त्रालयः-** आयोगको सम्पर्क मन्त्रालय गृह मन्त्रालय रहने।

**आज्ञाले,**
**दिनेश भट्टराई**
**नेपाल सरकारको सचिव।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

CamScanner